# मधेशी आयोग
ज्वागल, ललितपुर

मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


पत्र संख्याः
चलानी नंः

मिति : २०७८।०६।१३

## प्रेस विज्ञप्ति

आर्थिक बर्ष २०७७।७८ मा मधेशी आयोगद्वारा सम्पादित मुख्य मुख्य कार्यहरुको विवरण

१. मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले मधेशी आयोग ऐन, २०७४ बमोजिमका कार्यहरु सम्पादन गर्दै आइरहेको छ ।

२. आयोगको ऐनको दफा ७ (ठ) अनुसार मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल १९० वटा उजुरीहरु आयोग समक्ष प्राप्त भएका छन् । ती उजुरीको आवश्यक छानबिन तथा तहकिकात गरी पिडितलाई न्याय दिलाउन आयोगले सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको छ ।

३. आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धनका लागि आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले विभिन्न जिल्लाको अनुगमन भएको थियो । अनुगमनका सिलसिलामा बाढी पहिरोले पुर्याएको क्षतिको अनुगमन, मधेशी समुदायमा देखिएको जातीय, धार्मिक तथा साम्प्रदायिक विवादको विवरण बुझ्न, नेपाल-भारत सीमामा उत्पन्न तनावले मधेशी समुदायमा पारेको प्रभाव अध्ययन गर्न, कोभिड-१९ महामारी र लकडाउनले मधेशी समुदायको जनजीवनमा पारेको प्रभावको अनुगमन गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि चाल्नुपर्ने कदमको सन्दर्भमा सुझाव लिनका लागि तत् तत् क्षेत्रमा अनुगमन गरी सुझाव लिई प्रतिवेदन तयार गरिएको थियो । सो को आधारमा आयोगबाट आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने विषयमा सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको थियो ।


ईमेलः madheshicommission@gmail.com

४. **थर सुचिकरणः** आयोगको ऐनको दफा ७ (ङ) अनुसार मधेशी समुदायको पहिचानका सम्बन्धमा अध्ययन गरी थर सूचीकरण गरिएको छ ।विज्ञद्वारा तयार पारिएको प्रतिवेदन विद्यमान द्वितीय तथ्याङ्कको आधारमा माग गरिएको थियो । यसका लागि हालसम्म गरेका कार्यहरुको विवरण विभिन्न निकायहरुबाट तयार गरी थर सूचीकरणलाई अद्यावधिक बनाउन आयोगबाट विश्वविद्यालयका पदाधिकारी, केन्द्रीय तथ्यांक विभागका पदाधिकारी, संस्कृतिविद, समाजशास्त्री लगायतका विज्ञ, मानवशास्त्री, बुद्धिजीवी लगायतसँग अन्तरक्रिया गरिएको थियो । अन्तरक्रियाबाट अमूल्य सुझावहरु प्राप्त भई थर सूचीकरणका लागि सहजता भएको सन्दर्भमा आगामी आ.व. मा आयोगबाट थर सूचीकरणको अन्तिम खाका तयार गरी नेपाल सरकारमा पठाउने अठोट गरिएको छ ।

यसका लागि प्रस्तावित बजेट शून्य भएका कारण थप बजेट व्यवस्था गर्नका लागि आयोगबाट अर्थ मन्त्रालयमा अनुरोध गरिने छ । थर सूचीकरणको अवस्था बुझ्ने सिलसिलामा आयोगबाट यस आ.व. मा विभिन्न आयोगहरु, जातिय संघसंस्थाका विज्ञहरु, प्रदेश १, २, लुम्बिनी र सुदुरपश्चिमका गरी ४ वटा प्रदेशका जिल्लाहरु मध्ये१९ वटा जिल्ला अन्तर्गतका विभिन्न स्थानीय तहसँग मधेशी समुदायको थर संकलन गरी पठाईदिन पत्राचार समेत गरिएको थियो ।

५. **प्रोफाइल निर्माणः** मधेशी आयोग ऐन, २०७४ अनुसार एकिकृत तथ्याङ्कीय तालिका र आवश्यक टेम्प्लेट तयार पार्ने उद्देश्य सहित तराई मधेशका २१ जिल्ला समेटेर मधेश प्रोफाइल तयार पारिएको छ ।

६. **अन्तरक्रिया कार्यक्रम** : आयोगको ऐनको दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका बुद्धिजीवीहरु, नागरिक समाज, जिल्लास्तरीय कार्यालयका प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ ।



उप-सचिव

७. **समीक्षाः** आयोगको ऐनको दफा ७ (ङ) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघसंस्थाहरुले ती समुदायहरुमा सञ्चालन गर्ने कार्यक्रमको उपादेयताको विषयमा अनुगमन, मूल्यांकन तथा समीक्षा गर्ने कार्यक्रमलाई मध्यनजर राख्दै आयोगबाट लुम्बिनी प्रदेशको नेपालगंजमा २०७७/०३/२१ गते सार्वजनिक सुनुवाई र वृहत्त समीक्षा कार्यक्रम गरिएको थियो ।

८. **सशक्तीकरणः** मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई यस आयोगको काम, कर्तव्य र अधिकारको रुपमा लिइएको छ । मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको सशक्तीकरण गर्ने ध्येयले प्रदेश १ मा विराटनगर, प्रदेश २ मा सिराहाको मिर्चैया, सप्तरीको कन्चनपुर र राजविराज तथा लुम्बिनी प्रदेशमा लुम्बिनीमा अभिमुखीकरण कक्षा संचालन गर्ने कार्य भएको थियो र मधेशी आयोग ऐन, २०७४ को दफा ७ (ञ) अनुसार मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्ववास तथा सवै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने उद्देश्यले सिराहा जिल्ला कमला मरेवाघाट र कर्जन्हा बजारमा तथा कमलाको उत्तराहिणीघाट, धनुषा जिल्लाको पोर्ताहा घाट र जानकी मन्दिर प्राङ्गणमा अन्धविश्वास तथा कुरीति न्युनिकरणको लागि सडक नाटक प्रर्दशन गरिएको थियो ।

९. **पञ्चबर्षीय योजनाः** आयोगले राज्यलाई संविधान बमोजिमका सुझाव र सहयोग दिन यस आर्थिक वर्षदेखि लागू हुने गरी विभिन्न विषयका पञ्चवर्षीय रणनीतिक योजना तयार गरी लागु गर्ने अठोट लिएको छ । प्रस्तुत भएका रणनीतिक योजनाहरुबाट मधेशी समुदायमा रहेका असमानता, कुरीति, अशिक्षा सबै प्रकारका शोषण विभेद अन्त्य गर्दै धर्म संस्कृति

# मधेशी आयोग
ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

पत्र संख्याः
चलानी नंः


भाषा लिपिको संरक्षण र कृषिको व्यवसायिकरण, बजारीकरण तथा विविधिकरण जस्ता क्रियाकलापहरुलाई सहायक हुने गरी राज्यले अपेक्षा गरेको **"समृद्ध नेपाल सुखि नेपाली"** बनाउने विश्वास गरिएको छ । प्रस्तुत हुने रणनीतिक योजनाबाट आयोगका कार्यक्रमहरुलाई योजनाबद्ध तरिकाले अगाडी बढाई आ.ब. २०८२।८३ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

१०. **विभिन्न निकायमा गरिएको सिफारिसः** आयोगको ऐन अनुसार तराई मधेशमा बाढीले पुऱ्याएको क्षति न्यूनीकरण गर्न र प्रभावित व्यक्तिहरुको खाना, नाना र छानाको व्यवस्थापनका लागि चाल्नुपर्ने कदम, नेपाल–भारत सीमामा देखिएको समस्यालाई द्विपक्षीय वार्ता मार्फत समाधान गर्न सरकारलाई सुझाव दिईएको थियो । कोरोना महामारीबाट आक्रान्त मधेशी समुदायलाई परेको विभिन्न समस्या समाधान गर्न चाल्नु पर्ने उपाय सहितका सुझावहरुका साथै अन्य विषयहरुमा समेत समय समयमा सम्बद्ध निकायहरु र नेपाल सरकारलाई सुझाव तथा सिफारिस गरिएको थियो । शिक्षाबाट बञ्चित लक्षित वर्गलाई शिक्षामा सहज पहुँच, कुरिति, अन्धविश्वास, दाईजो प्रथा र छुवाछुत न्यूनिकरण सम्बन्धमा समेत सिफारिस गरिएको थियो ।

११. मधेशी आयोगको परिचय र तराई मधेशको पर्यटकीय तथा धार्मिक क्षेत्रलाई समावेश गरी डकुमेन्ट्री २ वटा तयार गरी नेपाल टेलिभिजनबाट प्रसारण गरिएको छ ।

.....................

उपसचिव